केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/घ/०३/०७०/७१ मिति: २०७०/०६/२४

"घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु,

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिम गर्ने नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. लघुवित्त वित्तीय संस्थाको लागि जारी निर्देशन, २०७० को बुँदा नं. १७.१ मा भएको व्यवस्थालाई संशाधन गरी देहाय बमोजिम कायम गरिएको छ ।

*"१७.१ सम्पूर्ण सापटी रकम प्रवाह गर्नुपर्ने व्यवस्था*

*(क) लघुवित्त वित्तीय संस्थाले विपन्न वर्गमा प्रवाह गर्ने गरी प्राप्त सम्पूर्ण सापटी रकम लक्षित वर्गमा प्रवाह गर्नुपर्ने छ । त्यस्तो सापटी रकमलाई लक्षित वर्गमा प्रवाह नगरी सो बापतको रकम व्याज आर्जन हुने गरी कुनै पनि बैंक तथा वित्तीय संस्थामा जम्मा गर्न पाइने छैन । तर यस व्यवस्थाले लघुवित्त वित्तीय संस्थाले कर्जा सीमा (Line of Credit) उपयोग गर्न भने वाधा पुर्‍याएको मानिने छैन ।*

*(ख) लघुवित्त वित्तीय संस्थाले लिएको सापटी रकम लक्षित वर्गमा प्रवाह नगरेको खण्डमा प्रचलित बैंकदरको हिसाबले त्रैमासिक रुपमा (आश्विन, पौष, चैत्र र असारमा) हर्जना लगाईने छ । यस्तो हर्जना विपन्न वर्ग अन्तर्गत अघिल्लो त्रैमासको अन्तमा बाँकी कुल सापटी रकम भन्दा पछिल्लो त्रैमासको अन्तमा रहेको कुल कर्जाको बाँकी रकम कम भएमा सो कम भएको रकममा मात्र लगाइने छ । तर, अघिल्लो त्रैमासको अन्तमा बाँकी सापटी रकम पछिल्लो त्रैमासमा घटेको अवस्थामा सो हदसम्म हर्जाना लगाइने छैन ।*

*(ग) लघुवित्त वित्तीय संस्थाले लिएको सापटी रकम र प्रवाह गरेको कर्जा लगानीको त्रैमासिक विवरण यसै साथ संलग्न बमोजिमको निर्देशन फा.नं. १७.१ बमोजिम हरेक त्रैमास समाप्त भएको पन्ध्र दिन भित्र यस बैंकको लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा पठाउनु पर्नेछ ।*

*(घ) यस व्यवस्था बमोजिम आ.व. २०७०।७१ को पहिलो त्रैमासको अन्तमा भएको सापटीको आधारमा दोस्रो त्रैमासदेखि हर्जना लगाइने छ ।*

२. वडादशैं पर्वको सार्वजनिक विदाको कारणले गर्दा अनिवार्य मौज्दात गणना गर्ने प्रयोजनका लागि मिति २०७० साल आश्विन २७ गतेदेखि २०७० साल कार्तिक ९ गतेसम्मको अवधिलाई हप्ता कायम गरिएको छ ।

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

<u>बोधार्थ</u> :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
७. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।